# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०१।२० गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

गल्याङ नगरपालिका, स्याङ्जा अन्तर्गत सिनियर अ.हे.व. पदमा कार्यरत दुर्गा प्रसाद भट्टराईको एस.एल.सी. तहको शैक्षिक प्रमाणपत्र नक्कली रहेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज दुर्गा प्रसाद भट्टराईले माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट जारी भएको हाइस्कुल तहको नक्कली प्रमाणपत्र पेश गरी नेपाल सरकार अन्तर्गत ग्रामीण स्वास्थ्य कार्यकर्ता पदमा नियुक्ति लिई तह-तह हुँदै सिनियर अ.हे.व. (छैटौं अधिकृत) सम्म बढुवासमेत भई सिनियर अ.हे.व. (अधिकृत छैटौं) तहको ओहदा, लाभ र सुविधा प्राप्त गरेको देखिंदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) बमोजिमको कसुर भएको हुँदा निज दुर्गा प्रसाद भट्टराईलाई सोही ऐनको दफा १६(१) बमोजिम कैद र जरिवाना हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे